# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क १, २०७३ साउन, Year 4, Issue 1, August 2016


## २१ बुँदे घोषणापत्र जारी गर्दै व्यवस्थापन गोष्ठी सम्पन्न




विभागद्वारा प्रकाशित पुस्तकको लोकार्पण गर्नुहुँदै माननीय अर्थमन्त्री श्री कृष्णबहादुर महरा

काठमाडौं। आन्तरिक राजस्व विभागले यही २०७३ साल साउन २० देखि २२ सम्म बुढानिलकण्ठ, काठमाडौंमा सञ्चालन गरेको व्यवस्थापन गोष्ठी २१ बुंदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

सो समारोहमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महराको प्रमुख आतिथ्यता रहेको थियो । साथै अर्थसचिव लोकदर्शन रेग्मी, राजस्व सचिव श्री राजन खनाल, महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपाल, उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारका, उद्योग परिसंघका अध्यक्ष श्री हरिभक्त शर्मा, नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष श्री गोकर्ण अवस्थी लगायत मन्त्रालयका सहसचिव तथा अर्थ मन्त्रालय अन्तर्गतका विभिन्न विभागका महानिर्देशकहरुको उपस्थिति थियो ।

समापन समारोहमा सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महराले भिन्न परिस्थितिमा सरकार बनेको जानकारी दिनुहुँदै वर्तमान संविधानको कार्यान्वयन चुनौतीपूर्ण रहेको बताउनुहुँदै आगामी दिनमा नयां विचार र तरिकाबाट कार्य सम्पादन गरी समयको गतिसँगै छलाङ मार्नुपर्ने बताउनुभयो । जुन उद्देश्यका साथ व्यवस्थापन गोष्ठीको आयोजना भएको छ, सो कार्यमा पूर्ण सफलता मिलोस् र सो पूरा गर्नका लागि सक्रियताका साथ लाग्न निर्देशन दिनुभयो ।

उप प्रधानमन्त्री तथा अर्थमन्त्री महराले हालको सीमित अर्थतन्त्रमा खर्च प्रणाली प्रभावकारी बनाउन नसकिएमा त्यसले राजस्व असुलीमा योगदानबाँकी ३ पेजमा....

## राजस्व संकलन २१ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७३/०७४ साउन मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा २१ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७३/०७४ साउन महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १७ अर्व ९४ करोड ४२ लाख ६ हजार रहेकोमा रु. १७ अर्व ९ करोड ४९ लाख ७४ हजार संकलन भई लक्ष्यको तुलनामा ९५ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ७ अर्व ४५ करोड ९० लाख ८९ हजार, मूल्य

२०७३/०७४ श्रावण र श्रावणसम्मको प्रगति (रु हजारमा)

| शिर्षक | वार्षिक लक्ष्य | साउन महिना सम्मको लक्ष्य | साउन महिना सम्मको प्रगति | प्रगति प्रतिशतमा | वृद्धिदर |
|---|---|---|---|---|---|
| आयकर | ११४१८९८३० | ५७०९४९० | ५४९७९७७ | ९६ | १३५ |
| वहालकर | ३७५२४१० | २६२६७० | ३५६६१६ | १३६ | ११९ |
| व्याजकर | ९५८०१०० | १८२०२१८ | १६०४४९६ | ८८ | १२० |
| आयकर जम्मा | १२७५२२३४० | ७७९२३७८ | ७४५९०८९ | ९६ | १३१ |
| मू.अ.कर | ५९३२८७५४ | ७११९४५३ | ६५१६४३९ | ९२ | १०७ |
| अन्त:शुल्क | ४५०२५२३२ | २७०१५१४ | २८५३९५४ | १०६ | १३४ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ९८३१७ | ९९९३७ | १०२ | १४४ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | २३२५४४ | १६५५५५ | ७१ | ११६ |
| जम्मा | २३३६०१५१७ | १७९४४२०६ | १७०९४९७४ | ९५ | १२१ |

अभिवृद्धि कर रु. ६ अर्व ५१ करोड ६४ लाख ३९ हजार र अन्त:शुल्क तर्फ रु. २ अर्व ८५ करोड ३९ लाख ५४ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९६ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९२ प्रतिशत र अन्तशुल्क तर्फ १०६ प्रतिशत हो ।
बाँकी ६ पेजमा....

## यसभित्र


बुढानिलकण्ठ घोषणापत्र २०७३ — पृष्ठ ४

करदाताको अधिकार र कर्तव्य — पृष्ठ ७

महानिर्देशक शर्माद्वारा कर्मचारीहरुलाई निर्देशन — पृष्ठ ११



# महानिर्देशकको सन्देश

**चालु आ.व. २०७३/०७४ मा आन्तरिक राजस्व विभागका लागि २३४ अर्वको वार्षिक लक्ष्य प्राप्त भै सकेको छ । सो अनुसार राजस्व संकलनको लक्ष्य विभाजन गरी सवै कार्यालयमा पठाइसकिएको छ । त्यस्तै करदाता सेवा, कर परीक्षण तथा अनुसन्धान, बेरुजु, वक्यौता समेतको कार्यात्मक लक्ष्य पनि निर्धारण गरी पठाइसकिएको छ । हामीलाई प्राप्त हुन आएको २३४ अर्वको राजस्व संकलन पूरा गर्नुपर्ने अनिवार्य चुनौती हाम्रो सामू छ । कर परीक्षण, अनुसन्धान लगायत बक्यौता तथा बेरुजुको निर्धारण गरिएको लक्ष्य पूरा गर्नुपर्ने दायित्व पनि हाम्रो काँधमा रहेको छ ।**

आर्थिक वर्ष २०७२/०७३ मा भएका कार्यहरूको समीक्षा गर्दै २०७३ श्रावण २० देखि २२ गतेसम्म आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरूका प्रमुख समेतको सहभागितामा व्यवस्थापन गोष्ठी सम्पन्न गरियो। गत विगत वर्षहरूमा जस्तै यस वर्ष पनि हामीले व्यवस्थापन गोष्ठी गरी उक्त गोष्ठीबाट २१ बुंदे घोषणापत्र जारी गरी कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गरेका छौं ।

गोष्ठीमा गत वर्ष सम्पादित कार्यको समीक्षा र आगामी वर्षको लागि गर्ने कामहरूको संकल्प गरियो । उक्त गोष्ठीमा कर प्रशासनमा कार्य सम्पादनको लागि सहज होस् भन्नाका लागि विभिन्न ३४ समूह बनाई विभिन्न विषयहरूमा कार्यपत्र प्रस्तुत गर्ने, छलफल गर्ने र निश्कर्ष निकाल्ने गरी नौलो अभ्यास पनि गऱ्यौं । सो अवसरमा कार्य सम्पादनमा उत्कृष्टता हासिल गर्ने कार्यालयहरू प्रथम, द्वितीय र तृतीय हुनेलाई प्रशंसापत्र प्रदान गरिएको थियो भने विषयगत क्षेत्रमा उल्लेखनीय कार्य सम्पादन गर्ने कार्यालयहरूलाई समेत प्रशंसा पत्र प्रदान गरिएको थियो। यी सवै विषय यस संस्थाको क्षमता अभिवृद्धि र कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउने अभिप्रायले गरिएको हो । उक्त अवसरमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महराले आगामी दिनमा नयां विचार र तरिकाबाट कार्य सम्पादन गर्दै जुन उद्देश्यका साथ व्यवस्थापन गोष्ठी आयोजना गरिएको छ, सोही अनुसार उद्देश्य पूरा होस् भनी पूर्ण सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो। अर्थ सचिव, राजस्व सचिव, महालेखा नियन्त्रक, उद्योग वाणिज्य महासंघका अध्यक्ष लगायतबाट कार्य सम्पादनको लागि शुभकामना व्यक्त गरिएको थियो ।

चालु आ.व. २०७३/०७४ मा आन्तरिक राजस्व विभागका लागि २३४ अर्वको वार्षिक लक्ष्य प्राप्त भै सकेको छ । सो अनुसार राजस्व संकलनको लक्ष्य विभाजन गरी सवै कार्यालयमा पठाइसकिएको छ । त्यस्तै करदाता सेवा, कर परीक्षण तथा अनुसन्धान, बेरूजु, वक्यौता समेतको कार्यात्मक लक्ष्य पनि निर्धारण गरी पठाइसकिएको छ ।

हामीलाई प्राप्त हुन आएको २३४ अर्वको राजस्व संकलन पूरा गर्नुपर्ने अनिवार्य चुनौती हाम्रो सामू छ । कर परीक्षण, अनुसन्धान लगायत बक्यौता तथा बेरूजुको निर्धारण गरिएको लक्ष्य पूरा गर्नुपर्ने दायित्व पनि हाम्रो काँधमा रहेको छ ।

आन्तरिक राजस्व विभागले गर्नुपर्ने कार्यको व्यावसायिक कार्य योजना बनाएका छौं । राजस्व संकलनको लक्ष्य पूरा गर्न विभिन्न रणनीति तय गरि रहेका छौं । आगामी वर्षको लागि गर्नुपर्ने कार्यको लागि कार्यालयसंग कार्य सम्झौता करार गर्ने तयारीमा छौं भने कर प्रणाली सुधारको लागि गर्नुपर्ने कार्यहरूको साथै विधुतीय प्रयोगलाई बढाउने कार्यहरूमा प्रयास गरिरहेका छौं ।

हामीलाई प्राप्त हुन आएका लक्ष्य हामीले गर्नुपर्ने कार्यहरूको कार्य सूची हेर्दा हामीले आफ्ना कार्यलाई प्रभावकारी रूपमा संचालन गर्न सकेमा मात्र ती लक्ष्य पूरा गर्न सकिन्छ ।

म यस अवसरमा कर प्रशासनमा काम गर्ने सम्पूर्ण कर्मचारीहरूलाई आफ्नो प्रयास, सक्रियता र इमान्दारिता साथ कार्य गरी प्राप्त हुन आएका लक्ष्य अनुसारको प्रगति हासिल गर्ने दिशामा अगाडि बढ्नको लागि अनुरोध गर्दछु ।

हामीलाई हरेक वर्ष थप हुंदै आउने गरेको राजस्व लक्ष्य तथा अन्य क्रियाकलापहरूलाई सक्रियता साथ नलागी पूरा गर्न सकिने अवस्था देखिदैन । हाम्रा प्रयास, हाम्रो क्रियाकलाप ती लक्ष्य पूरा गर्ने दिशामा केन्द्रित गर्न म सवैलाई अनुरोध गर्न चाहन्छु । हाम्रो व्यावसायिक कार्य योजना, बुढानिलकण्ठ घोषणा पत्र, कार्य सम्पादन सम्झौता, वार्षिक लक्ष्य तथा कार्यात्मक लक्ष्यहरू नै हामीले गर्ने कार्यको मार्ग निर्देशन हुन् । यस वर्ष करको दायरा विस्तार गर्ने, कर सहभागितामा वृद्धि गर्दै जाने, कर प्रशासनलाई छिटो छरितो र प्रभावकारी बनाउंदै लैजाने, करदाता शिक्षालाई व्यापक रूपमा विस्तार गर्दै जाने र हरेक आर्थिक उपार्जन गर्ने व्यक्ति करदाता हुन् भन्ने मान्यतालाई आम रूपमा विकास गर्दै लैजानु पर्नेछ । कर चुहावट नियन्त्रण गर्ने, कर परीक्षण तथा अनुसन्धानलाई गुणस्तरीय बनाउँदै लैजाने र 'करसँग डर होइन भर गरौं' भन्ने विषयलाई सार्थक रूपमा स्थापित गर्नको लागि कार्य सम्पादनमा अग्रसर भई कार्य गर्न म सवैलाई अनुरोध गर्दछु ।

अन्त्यमा, हामी आर्थिक वर्षको शुरूवातमा छौं। यस अवसरमा हरेक कार्यालयले आफ्नो योजना बनाउने, रणनीति तय गर्ने र यस वर्षको आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्नको लागि सक्रिय र तत्परता साथ कार्य सम्पादन गर्न म अनुरोध गर्दछु ।

२०७३, भदौ

**चुडामणि शर्मा**
महानिर्देशक

## १ पेजको बांकी...

गर्न नसक्ने बताउनुभयो । लगानी बढेमा उद्योग व्यवसाय बढ्ने र त्यसले राजस्व बढ्ने बताउनुहुँदै राजस्व प्रशासनमा सुधारको लागि नयां संरचना र प्रणाली विकासको आवश्यकता भएको बताउनुभयो ।

उहांले राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरु नै कर विज्ञ भएको र फिल्डमा भएको समस्याको जानकारी पनि कर्मचारी नै हुने भएकाले ठीक ढंगले कार्य गरी रिपोर्टिङ गरेको अवस्थामा मात्र त्यसैका आधारमा नीतिगत तथा व्यवस्थापकीय सुधार गर्न सकिने बताउनुभयो। साथै उहांले हाम्रा कार्यहरु सिधा जनतासंग सम्बन्धित भएको हुनाले जनताप्रति उत्तरदायी भई कार्य सम्पादनमा सुधार ल्याउन समेत जोड दिनुभयो ।

साथै उहांले आन्तरिक राजस्व विभागको कांधमा ४३ प्रतिशत राजस्व असुलीको जिम्मेवारी रहेको छ भन्नुहुंदै कर छली र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व प्रशासनलाई आधुनिकीकरण र वैज्ञानिकीकरण गर्नु पर्ने कुरामा जोड दिंदै राजस्वको दायरा वृद्धिका लागि नयां तरिकाबाट कार्य गर्न निर्देशन दिनुभयो । उत्पादन शक्ति भनेको श्रम शक्ति हो, जसले अर्थतन्त्रमा गतिशिलता ल्याउंछ, प्रत्येक घण्टा घट्ने घटना, परि घटनाले अर्थतन्त्रमा प्रभाव पार्ने भएकाले त्यस्ता घटनाप्रति कर प्रशासन चनाखो भई कार्य गर्नुपर्ने कुरामा समेत जोड दिनुभयो ।

कार्यक्रममा अर्थ सचिव श्री लोकदर्शन रेग्मीले पुरस्कृत हुने कर्मचारीहरुलाई मन्त्रालयको तर्फबाट बधाई दिनुभयो । राजस्व संकलन गर्ने कार्य चुनौतिपूर्ण कार्य हो भन्नुहुदै कर प्रशासनको लगन र मेहनतको आधारमा नै सरकारले लक्ष्य पूरा गर्न सकेको हो भन्नुभयो । राजस्व प्रशासनले गरिरहेको कामलाई मन्त्रालयले नजिकबाट नियालिरहेको जानकारी दिनुहुंदै कर्मचारीलाई ढुक्क भएर आफ्नो कार्य सम्पादन गर्न निर्देशन दिनुभयो । सरकार निजी क्षेत्रसंग समन्वय गरेर काम गर्न इच्छुक रहेको बताउनुहुंदै उच्च मनोवल र कटिवद्धताका साथ काम गर्न सबै कर्मचारीलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा राजस्व सचिव श्री राजन खनालले मुलुकभरीबाट उठ्ने राजस्वमा ४३ प्रतिशत योगदान आन्तरिक राजस्व विभागको रहेको जनाउनुहुंदै राजस्व असुलीमा महत्वपूर्ण जिम्मेवारी रहेको बताउनुभयो। उहांले कानून




उत्कृष्ट कार्य सम्पादन गर्ने कार्यालयलाई पुरस्कृत गरेपछि सामूहिक तस्विरमा माननीय अर्थमन्त्री श्री कृष्णबहादुर महरा, अर्थसचिव श्री लोकदर्शन रेग्मी, राजस्व सचिव श्री राजन खनाल, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा लगायत अन्य विशिष्टि व्यक्तिहरु

बमोजिम बाहेक कर लगाउन नहुने बताउनुहुंदै कर लगाउंदा कानुनी आधारमा मात्र लगाउन निर्देशन दिनुभयो। विभागले दोहोरो करमुक्ति सम्झौताको संगालो प्रकाशन गरेर राम्रो कामको शुरुवात गरेको बताउनु भयो । साथै आन्तरिक राजस्व विभागले २१ बुंदे घोषणापत्र जारी गरेकोमा खुसी व्यक्त गर्नुहुंदै व्यवस्थापन गोष्ठीले जारी गरेको बुढानिलकण्ठ घोषणा पत्रमा उल्लेख भएका विषयवस्तु पूरा गर्नेतर्फ लाग्न कर्मचारीलाई निर्देशन दिनुभयो । साथै आगामी दिनमा अर्थ मन्त्रालयले यसैलाई हेरेर मूल्यांकन गर्ने कुरा पनि बताउनुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले आ.व. २०७२/७३ मा विभागको कूल राजस्व लक्ष्य रु. १९४ अर्ब ६७ करोड भएकोमा रु. २०४ अर्ब ४३ करोड असुली भई लक्ष्यको १०५ प्रतिशत र गत वर्षको तुलनामा २८ प्रतिशत वृद्धि भएको जानकारी गराउनु भयो । सो अवसरमा कूल राजस्व असुलीमा करिव ४३ प्रतिशत आन्तरिक राजस्व विभागको योगदान रहेको बताउनुभयो। साथै कूल ग्राहस्थ उत्पादनमा राजस्वको योगदान २१.५ प्रतिशत र कर राजस्वको योगदान १८.७ प्रतिशत भएको बताउनुभयो। गत वर्ष करिव १ लाख ५१ हजार करदाता करको दायरामा आएका र वक्यौता तिर्न अटेर गर्ने १९०३ करदातालाई कानुनी कारवाही गरिएको थियो। वक्यौता रु. २१ अर्ब ५० करोड असुली तथा समायोजन गरिएको थियो भने बेरुजु फछ्र्यौट तर्फ रु. ४ अर्ब २३ करोड ६०.२ प्रतिशत बेरुजु फछ्र्यौट गरिएको जानकारी महानिर्देशक शर्माले गराउनु भएको थियो ।

महानिर्देशक शर्माले आगामी वर्षका लागि रु. २३३ अर्ब ६० करोडको लक्ष्य प्राप्त भएको समेत जानकारी गराउनुभयो । आगामी वर्ष सवैका लागि स्थायी नम्बर PAN for All को नारा सहित २०७४ असारसम्म ३ लाख करदातालाई करको दायरामा ल्याउने र आगामी ५ वर्ष भित्र सवै कार्यालयले आफ्नै भवनबाट सेवा संचालन गर्ने गरी पूर्वाधार निर्माणको कार्य शुरु गर्ने जानकारी गराउनुभयो ।

साथै आगामी वर्षको कार्य सम्पादन सम्झौता गर्ने कार्यलाई निरन्तरता दिने बताउनुभयो । उहांले रणनीतिक योजनाले परिलक्षित गरेको कार्यहरु मध्ये कुल गार्हस्थ उत्पादन योगदानको लक्ष्य १८ प्रतिशत रहेकोमा १८.७ प्रतिशत पूरा भएको र ९९ प्रतिशत अनलाइन फाइलिङ गर्ने कार्य सम्पन्न भएको बताउनुभयो। साथै संविधानसभाबाट जारी भएको संविधानले परिकल्पना गरेको शान्ति, सुशासन र समृद्धिको आवश्यक व्यवस्थापनको लागि स्रोतको जिम्मेवारी आन्तरिक राजस्व विभागको रहेकोले सो जिम्मेवारी पूरा गर्ने दिशामा आन्तरिक राजस्व विभाग प्रभावकारी रुपमा कार्यसम्पादन गर्ने प्रतिवद्धता जनाउनुभयो ।

महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपालले व्यवस्थापन गोष्ठी विगतका कामको समीक्षा गर्न, चालु वर्षका कार्यक्रमलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा केन्द्रित भएको उल्लेख गर्नुभयो । चुनौतीलाई समस्याको रुपमा होइन अवसरको रुपमा लियौं भने हामी लक्ष्य हासिल गर्न सक्नेछौं भन्नुभयो। गत वर्ष कूल राजस्वमा ४३ प्रतिशत राजस्व संकलन गरकोमा विभागलाई बधाई दिनुभयो । उहांले कर प्रशासन करदातामैत्री र लगानीमैत्री हुनुपर्ने बताउनुभयो ।

कार्य सम्पादनमा उत्कृष्ट हुने आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर

# बुढानिलकण्ठ घोषणापत्र, २०७३

आन्तरिक राजस्व विभाग मुलुकको आन्तरिक राजस्व संकलन तथा व्यवस्थापन गर्ने एक महत्वपूर्ण निकाय हो। यस विभागद्वारा आर्थिक वर्ष २०७२/०७३ मा आयकर रु ११७ अर्व १३ करोड, आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर रु ४९ अर्व ८२ करोड, आन्तरिक तर्फको अन्तःशुल्क रु ३६ अर्व १९ करोड, स्वास्थ्य सेवा कर रु ७२ करोड र शिक्षा सेवा शुल्क रु ५६ करोड गरी कुल रु २०४ अर्व ४३ करोड कर राजस्व संकलन गरिएको छ। गत आर्थिक वर्षमा संकलन गरिएको कर राजस्व विगत वर्षमा असुली गरिएको कर राजस्वभन्दा २८ प्रतिशतले वृद्धि भई लक्ष्यको तुलनामा १०५ प्रतिशत प्रगति हासिल भएको छ। कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कको अनुपात क्रमशः ५.४३, ५.०२ र ३.०९ प्रतिशत रहेको छ। कुल राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान करिब ४२.३५ प्रतिशत रहेको छ। यस अवधिसम्ममा कुल १४,४२,८१८ करदाताहरु करको दायरामा समाहित भएका छन् जुन कुल जनसंख्याको करिब ४.७ प्रतिशत हुन आउंछ। यी मध्ये व्यावसायिक स्थायी लेखा नम्बर (PAN) लिने करदाता ८,४०,०१८ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ६,०२,८०० रहेका छन्। व्यावसायिक स्थायी लेखा नम्बर लिने मध्ये मूल्य अभिवृद्धि करतर्फ १,६४,०२४ र अन्तःशुल्कतर्फ ४२४९५ करदाता दर्ता रहेका छन्। व्यावसायिक स्थायी लेखा नंवर लिनेमध्ये करिब ९८ प्रतिशत करदाताहरुले e-filing गरिरहेका छन्।

वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगो रुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, छरितो कार्यविधि एवं विद्युतीय शासन पद्धति मार्फत् कर सहभागिता लागत एवं संकलन लागत न्यून गर्ने उद्देश्यले पञ्चवर्षीय रणनीति, ३ वर्षीय सुधार योजना, वार्षिक नीति तथा कार्यक्रम र विभागद्वारा विभिन्न समयमा घोषणा गरिएका प्रतिबद्धता एवं नीतिहरुलाई आत्मसात् गर्दै २०७३ साल श्रावण २०, २१ र २२ गते बुढानिलकण्ठमा सम्पन्न व्यवस्थापन गोष्ठीबाट चालु आर्थिक वर्ष २०७३/०७४ मा तपसिल बमोजिमका कार्य सम्पादन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्दछौं।

**तपसिल**

१. आर्थिक वर्ष २०७३/०७४ को लागि निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु ५६६ अर्व मध्ये यस विभागलाई निर्दिष्ट गरिएको रु. २३३ अर्व ६० करोड शीर्षकगत रुपमा संकलन गरिनेछ।
२. कुल आयकरमा स्रोतमा संकलन गरिने करको योगदान कम्तीमा ३० प्रतिशत पुऱ्याइनेछ।
३. चालु आर्थिक वर्षदेखि सबै सरकारी निकायहरुलाई अनिवार्य रुपमा स्थायी लेखा नंबर (PAN) लिनु पर्ने गरी PAN for All व्यवस्था गरिनेछ। ती निकायहरुले भुक्तानीको समयमा स्रोतमा कर कट्टी गरेको रकमलाई विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने व्यवस्था मिलाइनेछ।
४. बक्यौता राख्ने करदाताहरुको अभिलेख राखी बक्यौता असुलीको कारवाहीलाई तिव्रता दिइनेछ। अटेर गर्ने करदाताहरुलाई अन्तिम तहको कारवाही गरिनेछ।
५. हालसम्म कायम भएको फछ्यौंट हुन बाकी बेरुजुमध्ये चालु आ.व.मा कम्तीमा ७५ प्रतिशत बेरुजु सम्परीक्षण गरिनेछ।
६. मूल्य अभिवृद्धि करको Non-filer को सीमा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १, २, र ३ को हकमा एक प्रतिशतभन्दा तल र अन्य कार्यालयको हकमा १५ प्रतिशतभन्दा तल कायम राखिनेछ।
७. शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर प्रयोजनको लागि दर्ता रहेका करदाताहरुले पेश गर्ने विवरणलाई यस आर्थिक वर्षभित्र कम्प्युटर प्रणालीमा आबद्ध गरिनेछ।
८. आय विवरण पेश गर्ने म्याद थप सम्बन्धी




अधिकृत श्री टिकाराम भुसालले यसभन्दा अघि पनि कार्य सम्पादनमा दोस्रो र तेस्रो भएको बताउनुहुंदै पहिलेका साथीहरुले गर्नु भएको कार्यलाई निरन्तरता दिएको बताउनुभयो। उत्कृष्ट हुनु ठूलो कुरा होइन भन्नुहुंदै, यसलाई कायम राख्नु महत्वपूर्ण चुनौति रहेको बताउनुभयो। प्रमुख कर अधिकृत भुसालले कार्य सम्पादन प्रणालीमा रहेर काम गरे, सफलता प्राप्त हुन्छ भन्नुहुँदै विभाग र मन्त्रालयबाट हुने अनुगमनले काम गर्ने हौसला बढेको र कामलाई मूल मन्त्र बनाएर काम गर्न सके लक्ष्य प्राप्त गर्न सकिन्छ भन्नुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले विषम परिस्थितिमा पनि लक्ष्य भन्दा बढी राजस्व संकलन भएको र यसमा निजी क्षेत्रको पनि महत्वपूर्ण देन रहको बताउनुभयो। उद्योग व्यवसायमा सरकार पनि साझेदार भएको बताउनुहुंदै विवाद निरुपणका लागि स्वतन्त्र स्थायी निकायको आवश्यकता रहेको औंल्याउनुभयो।

नेपाल उद्योग परिसंघका अध्यक्ष श्री हरिभक्त शर्माले व्यवस्थापन गोष्ठीबाट नयां कुरा आउने अपेक्षा रहेको बताउनुभयो। मुलुक समृद्ध बनाउनका लागि व्यवसायिक वातावरण बनाउनुपर्छ भन्नुहुंदै करदाता

निवेदनलाई online मार्फत् प्राप्त गर्ने, पेश गर्ने र सोही माध्यमबाट स्वीकृति दिने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

९. आन्तरिक राजस्व विभागले विकास गरेको एकीकृत कर प्रणाली (Integrated Tax System) को प्रभावकारी कार्यान्वयनको लागि सूचना, संचार र प्रविधि सम्बन्धी कार्य संचालन निर्देशिका (Information, Communication and Technology Standard Operating Procedure) निर्माण गरी २०७३ माघ मसान्तभित्र जारी गरिनेछ ।

१०. हाल प्रयोगमा ल्याइएको (Standard International Trade Code - SITC) को परिमार्जन गर्ने सम्बन्धमा विज्ञबाट प्राप्त प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइनेछ ।

११. विद्युतीय माध्यमबाट करको भुक्तानी गर्ने (e-Payment) व्यवस्थालाई सरोकारवाला निकायहरु (Stakeholder) संग समन्वय गरी यसै आर्थिक वर्षदेखि ठूला करदाता कार्यालयमा दर्ता भएका करदाताको लागि आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क भुक्तानी गर्न सकिने गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२. करदातालाई कारोबारको प्रकृति, क्षेत्र तथा आकारको आधारमा वर्गीकरण एवं राजस्व जोखिम पहिचान गरी त्यस्ता करदाताको अनुसन्धानात्मक कर परीक्षण तथा चालु वर्षको कर परीक्षण कार्य सम्पन्न गरिनेछ ।

१३. व्यवसायको प्रकृति अनुरुपका फरक फरक कर परीक्षण प्रतिवेदनको ढांचा तयार गरी सबै कार्यालयमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१४. आन्तरिक राजस्व विभागको यस वर्ष सम्पन्न हुने ५ वर्षे रणनीतिक योजना (Startegic Plan) को मूल्याङ्कन गरी प्राप्त निष्कर्षको आधारमा आगामी आर्थिक वर्षदेखि लागू हुने गरी दोस्रो ५ वर्षे रणनीतिक योजना Strategic Plan तयार गरिने छ ।

१५. प्रशिक्षण रणनीति स्वीकृति गरी सोही आधारमा सम्पूर्ण कर्मचारीहरुलाई विषयगत तालिम दिने व्यवस्था गरिनेछ। सहभागीले तालिम कार्यक्रममा देखाएको सक्रियता तथा हासिल गरेको ज्ञान एवं सीपको वस्तुगत मूल्यांकन गरी सोही आधारमा स्वदेशी तथा विदेशी तालिममा सहभागी गराइने छ ।

१६. प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने करदाताहरुलाई आफ्नो जिकिर विभाग समक्ष प्रत्यक्ष रुपमा राख्नको लागि इजलास खडा गरी सुनुवाईको अवसर दिने सम्बन्धमा गत वर्षदेखि थालनी गरिएको पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१७. आन्तरिक राजस्व विभाग र मातहतका कार्यालय प्रमुख बीच निर्दिष्ट कार्यगत लक्ष्य हासिल गर्न गत वर्ष प्रारम्भ गरिएको कार्यसम्पादन सम्झौता प्रणालीलाई निरन्तरता दिइनेछ ।

१८. कर चुहावट नियन्त्रण गर्दै जाने प्रयोजनका लागि तोकिएका करदाताहरुमा Electronic Cash Register कार्यान्वयन गरिनेछ ।

१९. विद्युतीय प्रणालीबाट विजकको प्रयोग बढाउने प्रयोजनको लागि डिपार्टमेन्टल स्टोर र व्यावसायिक संरचनामा रहेका करदाताले अनिवार्य रुपमा विद्युतीय प्रणालीबाट विजक जारी गर्ने व्यवस्थाको कार्यान्वयन गरिनेछ ।

२०. अन्तःशुल्क सुदृढीकरणको लागि स्वचालित प्रणाली अद्यावधिक गरी मदिरा, वियर, वाइन, चुरोट, लगायतका सूर्तिजन्य तथा मदिराजन्य वस्तुमा लगाउदै आएको अन्तःशुल्क स्टिकरलाई प्रविधिमा आधारित अनुगमन र परीक्षण गर्न सक्ने Track and Trace System लागू गर्ने सन्दर्भमा आवश्यक अध्ययन गरी सोको लागि यसै आ.व. भित्र टेण्डर प्रकाशन गरिनेछ ।

२१. आगामी ५ वर्षभित्र अर्थात् आ.व. २०७७।०७८ सम्ममा आन्तरिक राजस्व विभाग अन्तर्गतका सवै कार्यालयको आफ्नो जग्गा तथा भवनको व्यवस्थापन गर्ने गरी नक्सांकन, डिजाइन लागत अनुमान एवं बजेट व्यवस्थापन समेतका कार्य प्रकृया अगाडि बढाइनेछ ।

कर अफिसमा जानै नपर्ने प्रणालीलाई अपडेट गर्दै जानुपर्ने बताउनुभयो । उहांले पहिलेभन्दा कर प्रशासन करदातामैत्री हुंदै आएको बताउनुहुंदै करदाताको सम्मान नगर्ने माथि जान सक्दैन भन्नुभयो ।

नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष श्री गोकर्ण अवस्थीले दर्ता भएका करदातालाई मात्र करदाताको रुपमा नहेरी सवै उपभोक्ता करदाता भएको बताउनुहुंदै आफूहरुले तिरेको करको सदुपयोग हुनुपर्ने बताउनुभयो । उहांले राजस्व संकलनमा उच्च योगदान गर्ने कार्यालय तथा कर्मचारीलाई पुरस्कृत गरिएझैं प्रभावकारी खर्च व्यवस्थापन गर्ने कार्यालय र कर्मचारीलाई पनि पुरस्कृत गर्ने परिपाटीको थालनी गर्न सरकारसंग आग्रह गर्नुभयो । उहांले जब जब खर्च वृद्धि हुन्छ, त्यसले राजस्व संकलन र आर्थिक वृद्धिमा



प्रत्यक्ष टेवा पुऱ्याउंछ भन्नुभयो । त्यसैले राजस्व संकलन अभिवृद्धि गर्न विनियोजित बजेटको पूर्ण उपयोग हुनुपर्ने कुरामा जोड दिनुभयो ।

उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागको ३ वर्षे सुधार योजना, परिमार्जित अन्तःशुल्क निर्देशिका, दोहोरो करमुक्ति एवं वित्तीय छल निरोध सम्झौताको संगालोको विमोचन गरिएको थियो। उक्त अवसरमा कार्य सम्पादनमा उत्कृष्ट हुने कार्यालयहरुमा प्रथम हुने आन्तरिक राजस्व कार्यालय भरतपुर, दोस्रो हुने आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर, कञ्चनपुर र तृतीय हुने आन्तरिक राजस्व कार्यालय बुटवललाई माननीय उपप्रधानमन्त्री

तथा अर्थ मन्त्री कृष्णबहादुर महराबाट प्रशंसापत्र प्रदान गरिएको थियो भने विभिन्न विधामा उल्लेखनीय काम गर्ने कार्यालयहरुलाई समेत प्रशंसापत्र प्रदान गरिएको थियो ।

| क.सं. | कार्यालयको नाम | कार्य |
|---|---|---|
| १. | ठूला करदाता कार्यालय | राजस्व असुलीमा योगदान पुऱ्याएको |
| २. | आन्तरिक राजस्व कार्यालय, विराटनगर | कार्यालयको तथ्यांकमा करदाताको पहुंच बढाएको |
| ३ | आन्तरिक राजस्व कार्यालय, दाङ | कार्यालयको सरसफाई, कार्य सम्पादनमा सुधार र बेरुजुलाई शून्य बनाएको |
| ४ | आन्तरिक राजस्व कार्यालय, धनगढी | ननफाइलर घटाउन प्रयास गरेको |
| ५ | आन्तरिक राजस्व कार्यालय भद्रपुर, झापा | भवन निर्माण सम्बन्धी कार्य तोकिएको समयभित्र सम्पन्न गरेको |
| ६. | आन्तरिक राजस्व कार्यालय, भैरहवा | पत्रहरुको समयमा जवाफ दिने र डाटाको विश्लेषणबाट प्रयोग गरेको |
| ७ | करदाता सेवा कार्यालय, दमौली | अन्तशुल्कमा विद्युतीय प्रणालीको प्रभावकारी रुपमा अवलम्बन गरेको |

उक्त कार्यक्रमको शुभारम्भ आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले २०७३ साउन २० गते विहिवार गर्नु भएको थियो । पहिलो दिन विभागले आ.व. २०७२/७३ मा गरेका कार्यहरुको समीक्षा तथा आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिको वारेमा छलफल गरिएको थियो ।

सो अवसरमा विभागबाट गठन भएका ३४ वटा विषयगत टोलीको तर्फबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा करदाता सेवा, कर परीक्षण, कर छुट पाउने संस्थाको नियमन, अवकास योगदान, अन्तःशुल्क प्रशासन लगायतका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

दोस्रो दिन साउन २१ गते पनि विषयगत टोलीका संयोजकहरुद्वारा कार्यपत्र प्रस्तुतीलाई निरन्तरता दिइएको थियो । प्रत्येक समूहका मिल्दा जुल्दा विषयहरुलाई विभिन्न क्लस्टरमा विभाजन गरिएको थियो । समूहगत प्रस्तुतिपछि पेश भएका कार्यपत्रहरुमाथि सघन छलफल गरी प्राप्त सुझावहरुलाई आफ्नो कार्य पत्रमा समावेश गरी विभागमा प्रस्तुत गर्नुपर्ने जिम्मेवारी सम्बन्धित प्रस्तोतालाई सुम्पिएको थियो ।

## १ पेजको बांकी...

त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ९ करोड ९९ लाख ३५ हजार र रु. १६ करोड ५५ लाख ५५ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा १०२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७१ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १३१ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १०७ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १३४ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ११६ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १४४ प्रतिशत रहेको छ ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट काठमाण्डौको**

**भूउपग्रह, व्याण्डविथ, अप्टिकल फाइवर, दूरसंचार सम्वन्धी उपकरण वा विद्युत प्रसारण लाईन प्रयोग गरे वापतको भुक्तानीमा कर कट्टी गर्ने सम्वन्धी सूचना**

**आयकर ऐन (संशोधन सहित), २०५८ को दफा ८८ को उपदफा (१) को खण्ड (७) मा "वासिन्दा व्यक्तिले भूउपग्रह, व्याण्डविथ, अप्टिकल फाइवर, दूरसंचार सम्वन्धी उपकरण वा विद्युत प्रसारण लाईन प्रयोग गरे वापतको भुक्तानीमा दश प्रतिशतका दरले" करकट्टी गर्नु पर्ने व्यवस्था रहेकोले सोही वमोजिम गर्न गराउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**कर छुट प्राप्त संस्थाहरुले प्रमाण पत्र नवीकरण गर्ने तथा आय विवरण दाखिला गर्नुपर्ने सम्बन्धी सूचना**

आयकर नियमावली, (संशोधन सहित) २०५९ को नियम ५ मा कर छुटको प्रमाणपत्र प्राप्त गरेका कर छुट पाउने सस्थाले आय बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र त्यस्तो प्रमाण पत्र नवीकरण गराउनु पर्ने र त्यस्तो संस्थाले आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लेख भएको रकम (चन्दा, उपहार, योगदान) र आयकर ऐन, २०५८ को दफा ९२ बमोजिम अन्तिम रुपमा कर कट्टी हुने कुनै भुक्तानी प्राप्त गरे बाहेक अन्य कुनै रकम प्राप्त गरेको भए आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम अनिवार्य रुपमा आय विवरण पेश गर्नुपर्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**

# करदाताको अधिकार, कर्तव्य र दायित्व



प्रकाश शर्मा ढकाल
शाखा अधिकृत
आन्तरिक राजस्व विभाग

## परिचय :

आधुनिक कर व्यवस्थामा स्वयं कर निर्धारण प्रणालीको अवलम्वन गरिएको हुन्छ। जसमा अन्यथा प्रमाणित नभएसम्म करदाताले स्वयं कर निर्धारण गरी दाखिला गरेको करलाई नै अन्तिम कर मानिन्छ । सो ववरण तथा करदाताले यकिन गरेको कर दायित्व कानून बमोजिम नभएको भए सो को प्रमाणको भार कर प्रशासनमा नै रहन्छ । कर प्रशासनले करदातालाई सेवा प्रवाह गर्दा, कर संकलन गर्दा तथा स्वयं कर विवरणहरुलाई परीक्षण गरी थप कर निर्धारण गर्दा आफ्नो अधिकारको दुरुपयोग गरेर करदाता माथि अनावश्यक रुपमा करको भार थुपार्न नसकोस, करदाताले व्यवसायिक तथा गुणस्तरीय सेवा प्राप्त गर्न सकुन भनेर कानूनमा नै करदाताका अधिकारको बारेमा उल्लेख गर्ने प्रचलन विगत लामो समयदेखि नै हुँदै आएको देखिन्छ । नेपालको सन्दर्भमा पनि खास गरी आयकर ऐन २०३१ को आठौं संशोधन पश्चात स्वयं कर निर्धारण प्रणालीको अवलम्वन गरे पश्चात करदाताको कर्तव्य तथा दायित्वसंगसंगै करदाताका अधिकारहरुको समेत कानूनी व्ययस्था गरिदैं आएको पाइन्छ। आयकर ऐन, २०५८ लगायतका कर सम्वन्धी ऐन, नियमावलीहरुमा करदाताको अधिकारको बारेमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा उल्लेख गरिएको छ। अधिकारको उपभोगसंगै कर्तव्य र दायित्व प्रति पनि वफादार हुनु पर्दछ भन्ने मान्यता अनुसार करदाताले स्वच्छ, पारदर्शी, नैतिकवान भएर कारोवार गर्ने तथा कर तिर्ने सन्दर्भमा कर्तव्य पालना र दायित्वहरु निर्वाह गर्नुपर्दछ। नेपालको आयकर ऐन,२०५८ मूल्य अभिबृद्धि कर ऐन, २०५२, अन्त:शुल्क ऐन, २०५८ का समथै अन्य कर सम्बन्धी ऐन नियममा करदाताले पुरा गर्नुपर्ने थुप्रै कर्तव्य र दायित्वको वारेमा उल्लेख गरिएको पाईन्छ ।

## करदाताको अधिकार

कर प्रशासनबाट सेवा प्राप्त गर्दा, कर कानूनहरुले तोकेको आफ्नो कर्तव्य र दायित्वहरु निर्वाह गर्ने क्रममा करदाताले प्राप्त गर्ने हकहरु नै वास्तवमा करदाताका अधिकारहरु हुन। यस्ता अधिकारको बारेमा कतिपय देशहरुले अलग्गै दस्तावेजहरु निर्माण गरेका हुन्छन भने कतिपय देशमा चाहि कर सम्वन्धी कानूनका तत्तत् दफाहरुमा अलग अलग व्यवस्था समेत गरेको देखिन्छ। संयुक्त अधिराज्य अमेरिकामा Taxpayers Bill of Right भनेर विभिन्न १० वटा अधिकारहरुलाई सूचिवद्ध गरिएको पाइन्छ भने क्यानडामा विभिन्न १६ वटा अधिकारका साथै साना करदाताहरुका लागि अलग्गै प्रतिवद्धताको फेहरिस्त वाइएको पाइन्छ । Encylopedia.com ले *TAXPAYER BILL OF RIGHTS* लाई निम्नानुसार परिभाषित गरेको छ ।

*A federal or state law that gives taxpayers procedural and substantive protection when dealing with a revenue department concerning a tax collection dispute.*

विकसित तथा विकासोन्मुख देशहरुका करदाताका अधिकारसम्वन्धी दस्तावेजहरु हेर्दा यस्ता अधिकारहरु मुख्यतया निम्नानुसार रहेको पाइन्छ ।

1 **The right to information**
2 **The right to quality service**
3 **The right to right taxation**
4 **Right to gievance handling**
5 **Right to Appeal**
6 **Right to Privacy**
7 **Right to representation**

नेपालमा करदाताका हक तथा अधिकार तथा कर्तव्य र दायित्वहरुका सम्वन्धमा अलग्गै कुनै व्यवस्था गरिएको छैन । तथापी आधुनिक कर प्रणालीको अवलम्वनसंगै करदातामैत्री कर प्रशासन निर्माणका विभिन्न प्रयासहरु गरिदैं आएको पाइन्छ । नीतिगत, कानूनी, संस्थागतका साथै प्रकृयागत तथा व्यवहारगत सुधारका प्रयासहरुसंगै करदाताका अधिकार तथा दायित्वहरु पनि परिस्कृत हुँदै आएको पाइन्छ। नागरिकका हिसावले उपभोग गर्न पाउने संवैधानिक मौलिकहरु पनि प्रत्यक्ष वा परोक्ष रुपमा करदाताका अधिकार कै रुपमा लिन सकिन्छ।

## नेपालको संविधानमा उल्लेख भएका केहि अधिकारहरु

- ❖ धारा १७ अन्तर्गत नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र संचालन गर्ने स्वतन्त्रताको हक
- ❖ धारा १८ मा रहेको समानताको हकले सवैलाई कानूनको समान संरक्षणबाट वञ्चित नगरिने उल्लेख गरेको छ । कर सम्वन्धी कानूनहरु निर्माण गर्दा संसदले सवैलाई समानरुपमा लागू हुने गरी निर्माण गर्नु पर्ने कुराको प्रत्याभूति यसले गरेको छ ।
- ❖ धारा २२ को यातना विरुद्धको हकले पक्राउ परेको व्यक्तिलाई शारिरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने प्रत्याभूति गरेकोले कर कानूनहरुको प्रयोगका सन्दर्भमा पक्राउ परेको कुनै करदाताले कर प्रशासनबाट करदातामैत्री व्यवहारको अधिकार राख्दछ ।
- ❖ धारा २५ मा रहेको सम्पत्तिको हकले कानूनको अधिनमा रहि सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुने स्पष्ट व्यवस्था गरेकोले कुनै पनि करदाताले उपरोक्तानुसारको अधिकार उपभोग निर्वाध रुपमा गर्न पाउने अधिकार राख्दछ ।
- ❖ धारा २७ ले आफ्नो सरोकारको कुनै पनि सूचना माग्ने र पाउने हक प्रत्येक करदातालाई पनि हुने र सो सम्वन्धी विषय कानूनमा समेत समावेश गरिएको छ ।

यसका अतिरिक्त कर सम्वन्धी कानूनहरु खास गरी आयकर ऐन, २०५८, मूल्य अभिबृद्धि कर ऐन, २०५२, अन्त:शुल्क ऐन, २०५८ तथा सम्वन्धित नियमावलीहरुका साथै तत् सम्वन्धी निर्देशिका तथा आर्थिक ऐनहरुमा करदातालाई कर तथा विवरण बुझाउने सन्दर्भमा विभिन्न अधिकारको प्रत्याभूति गरेको छ । जसलाई देहाय वमोजिम उल्लेख गर्न सकिन्छ :

- ❖ **सम्मानपूर्वक ब्यवहारको अधिकार** : करदाताले कर प्रशासनबाट सौहार्दपूर्ण वातावरणमा सम्मानपूर्वक व्यवहार पाउनेछन् । सुशासन ऐन, नियमावली,

निजामती सेवा ऐन, नियमावली तथा कर्मचारीहरुको आचारसंहिताले सेवाग्राहीलाई सम्मानपूर्वक सेवा प्रवाह गर्नु पर्ने कुराको स्पष्ट व्यवस्था पनि गरेको छ।

- **सूचना प्राप्त गर्ने अधिकार:** करदाताले कर कानूनले तोके बमोजिम गर्नु पर्ने वा पुराउनु पर्ने प्रकृया, पद्धती, कर रकम तथा कर विवरणहरु कसरी पेश गर्ने, त्यसको समय, स्थान के हो लगायतका करका विविध पक्षका बारेमा समयम} पूर्ण र सही जानकारी पाउने करदाताको अधिकारलाई सुनिश्चित गरिएको छ । सूचनाको हक सम्वन्धी ऐन, २०६४ ले पनि आफू र आफ्नो सरोकारको विषयका सूचनाहरु माग गर्न र पाउने हकको प्रत्याभूति गरेको छ।
- **कर सम्बन्धी कुरामा सफाइको सवूद पेश गर्ने मौका प्राप्त गर्ने अधिकार:** कर प्रशासनबाट गरिने कर निर्धारण लगायत कर सम्बन्धी अन्य कामकारवाहीको सन्दर्भमा करदाताले सफाईको सवुत पेश गर्ने मनासिव माफिकको समय पाउनेछ। करदातालाई सफाई पेश गर्ने मौका नै नदिई कर निर्धारण गर्ने, व्याज लगाउने, दण्ड, जरिवाना गर्ने, सम्पत्ति रोक्का गर्ने वा जफत गर्ने लगायतका कुनै पनि कार्य नगरिने र यदि यसो भएमा न्यायिक निकायहरुबाट मुद्दाको रोहमा ती निर्णयहरु वदर हुने।
- **प्रतिरक्षाको लागि कानून ब्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार:** नेपालको संविधानको धारा २० मा कुनै पनि व्यक्तिलाई पक्राउ परेको कारण सहितको सूचना नदिई थुनामा नराख्ने तथा रोजेको कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक सुनिश्चित गरेको छ । यो संवैधानिक हक अधिकार कुनै पनि करदाताको व्यक्तिगत हक भएकोले यो अधिकार स्वत: प्रत्येक करदाताको हुने हुन्छ। करपरीक्षण लगायत कर सम्बन्धी विभिन्न कार्यका लागि करदाताले आफ्नो कानून व्यवसायी वा लेखापरीक्षक मुकरर गर्न पाउनेछन्।
- **कर सम्बन्धी गोपनीय कुराहरु अनतिक्रम्य हुने अधिकार :** करदाताले कर तिर्ने सन्दर्भमा कर प्रशासन समक्ष पेश गरेको सूचना गोप्य राखिनेछ। कानूनद्वारा निर्धारित कुनै काममा बाहेक अन्यत्र त्यस्ता सूचनालाई प्रयोग गरिने छैन।
- **निष्पक्षताको अधिकार :** कर प्रशासनका कार्यहरुमा सवै करदातालाई समान व्यवहार हुनेछ। भेदभावपूर्ण हुने कुनै पनि व्यवहार कर प्रशासनबाट गरिने छैन्।
- **कर फिर्ता पाउने अधिकार :** कर सम्वन्धी कानूमा तोकिएको विधि र प्रकृयाहरुको आधारमा करदाताले आन्तरिक राजस्व प्रशासनबाट फिर्ता पाउनुपर्ने रकम तोकिएको समयभित्र फिर्ता पाउनेछन् । तोकिएको समय भित्र माग भएको फिर्ता पाउनु पर्ने कर रकम फिर्ता नभए वा नदिएमा करदाताले व्याज समेत पाउने व्यवस्था कर कानूनमा गरिएको छ।
- **निश्चितताको अधिकार :** करदातालाई आफूले गरेको कारोवारमा कति कर लाग्छ, कहिले कहाँ कर तिर्नुपर्छ भन्ने कुराको बारेमा जानकारी हुनेछ। कर तथा कर विवरणहरु समयमा दाखिला नगर्दा हुने दण्ड तथा जरिवाना समेतको जानकारी करदातालाई अग्रिम रुपमा गराइएको हुन्छ।
- **पूर्वादेश माग्ने अधिकार :** कुनै व्यक्तिले आफूद्धारा प्रस्तावित वा आफूले मानेको कुनै प्रबन्धको सम्बन्धमा कुनै द्धिविधा निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए वमोजिम पूर्वादेशद्धारा जारी गर्न सक्नेछ।
- **प्रशासकीय पुनरावलोकन वा पुनरावेदन सम्बन्धी अधिकार :** कर अधिकृतले गरेको कर निर्धारण, दण्ड सजाय लगायत विभिन्न निर्णयमा चित्त नबुझेमा करदाताले महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गराउन पाँउछ भने महानिर्देशकले गरेको निर्णयमा चित्त नबुझेमा करदाताले राजस्व न्यायधिकरणमा पुनरावेदन दिन सक्ने कानूनी प्रावधान छ। न्यायाधिकरणको फैसलामा चित्त नवुझेको अवस्थामा करदातालाई सर्वोच्च अदालतको ढोका ढकढकाउने अधिकार रहेको छ।

## ४. करदाताको कर्तव्य र दायित्व

कसैको पनि अधिकार निरपेक्ष हुन सक्दैन अधिकारसंगै उसले आफ्नो कर्तव्य र दायित्व समेत पुरा गर्नु पर्ने हुन्छ। करदाताले पनि माथि उल्लेख गरिएका अधिकारहरु निरपेक्ष रुपमा उपभोग गर्न पाउने हक होइनन यी अधिकारहरु संगै कर कानूनहरुले करदाताको लागि विभिन्न कर्तव्य तथा दायित्वहरु पनि निर्दिष्ट गरेको पाइन्छ। प्रति कुनै पनि प्राकृतिक व्यक्तिले एउटा नागरिकको हैसियतले पूरा गर्नु पर्ने संविधानको धारा ४८ मा उल्लेख भएका कर्तव्यहरु निर्वाह गर्नु पर्ने हुन्छ। करदाताको हैसियतमा आयकर ऐन तथा नियमावली, मूअकर ऐन तथा नियमावली, अन्तशुल्क ऐन तथा नियमावली र निर्देशिकाहरुमा करदाताले पालना गर्नुपर्ने कर्तव्य तथा दायित्वको वारेमा उल्लेख गरिएको छ । यसका अलावा द्धिविधाहरु निराकण गर्न जारी भएका परिपत्रहरुले पनि करदाताको दायित्वहरुलाई थप प्रष्ट पार्ने गरेको देखिन्छ।

यस्ता कर्तव्य तथा दायित्वहरु करदाताले दर्ता भई कारोवार गर्नु पर्ने देखि कर तथा विवरणहरु नियमित रुपमा दाखिला/पेश गर्नु पर्ने सम्मका कुराहरु रहेका हुन्छन । नेपालका कर सम्वन्धी ऐनहरु, अन्य देशका कर कानूनहरुमा उक्त करदाताका दायित्व तथा कर्तव्यहरु व्यवस्था गरिएको छ।

हाम्रोमा करदाताले स्थायी लेखा नम्वर लिएर मात्र व्यवसायिक कारोवार गर्ने, व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्वर लिने, व्यवसायिक र पेशागत मर्यादा कायम गरी यथार्थ कारोवार गर्ने, बिलविजक जारी गर्ने, कारोवारको लेखांकन अद्यावधिक गरी राख्ने, तोकिएको समय, ढाँचा र स्थानमा स्वयं कर निर्धारण गरी कर एवं विवरण बुझाउने, बाँकी कर बक्यौता र बेरुजु फछ्र्यौट गर्ने गराउने, करपरीक्षण गर्दा आवश्यक लेखा तथा प्रमाण कागजात बुझाउने दायित्व करदाताको हो।

- **दर्ता हुनु पर्ने:** कारोवार गर्न चाहने वा आय आर्जनमा संलग्न व्यक्ति तथा निकायहरुले आफ्नो कारोवार शुरु गर्नु अघि तोकिएका कार्यालय, निकायहरुमा शुरु दर्ता भई आफ्नो क्षेत्रको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा अनिवार्य रुपमा कर प्रयोजनका लागि स्थायी लेखा नम्बर (PAN) मा दर्ता हुनु पर्दछ।
- **मूल्य अभिबृद्घि करमा दर्ता:** वार्षिक रु. ५० लाख भन्दा बढीको मूल्य अभिबृद्धि कर लाग्ने वस्तु, वार्षिक रु. २० लाख भन्दा बढीको मूल्य अभिबृद्धि कर लाग्ने सेवा, बार्षिक रु. २० लाख भन्दा बढिको मूल्य अभिबृद्धि कर लाग्ने वस्तु तथा सेवाको मिश्रित कारोवार गर्ने व्यक्तिले मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्छ।
- **अन्त:शुल्क इजाजत:** अन्त:शुल्क ऐन, २०५८ र नियमावली, २०५९ मा अन्त:शुल्क लाग्ने भनी तोकिएका वस्तुको उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्तिले अन्तशुल्क इजाजत पत्र प्राप्त गरेर मात्र

कारोवार गर्नुपर्दछ । इजाजत पत्र नलिई त्यस्तो वस्तु तथा सेवाको कारोवार गर्नु हुदैन । प्रत्येक वर्ष साउन महिनाभित्र इजाजतपत्र नविकरण गराउनुपर्दछ ।

❖ **प्रमाणपत्र राख्ने:** दर्ता भएको ब्यक्तिले दर्ताको प्रमाण पत्र स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र कारोवारस्थलको सवैले देख्ने ठाउमा राख्नु पर्दछ । यसको साथै ३० से मी लम्वाइ र १० से.मी. चौडाइ भएको तोकिएको रङको करपाटी पनि राख्नु पर्दछ। PAN मा मात्र दर्ता रहेको व्यवसायीले पहेलो रङ्गको प्लेटमा कालो अक्षरले, मूअकरमा दर्ता भएको व्यवसायीले हरियो रङ्गको प्लेटमा सेतो अक्षरले र कर छुट भएका सस्थाहरुले सेतो रङ्गको प्लेटमा रातो अक्षरले लेख्नु पर्दछ। करपाटी नराखेमा, तोकिएको ठाउमा नराखेमा जरिवाना हुने प्रावधान रहेकोले करदाता यसमा संवेदनशील हुनु जरुरी छ ।

❖ **आय विवरण पेश गर्ने:** आयकर ऐन, २०५८ अनुसार करदाताले आफ्नो कारोवारको यथार्थ विवरण उल्लेख गरी प्रत्येक आय वर्ष समाप्त भएको तीन महिना भित्रमा सो वर्षको आय विवरण बुझाउनुपर्दछ । आय बिबरण तोकिएको म्याद भित्र दाखिला नगरेमा प्रति महिना एक सय रुपैयाका दरले वा निर्धारणयोग्य आयको शुन्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम मध्ये जुन बढि हुन्छ सो शुल्क लाग्दछ । बुझाउनु पर्ने कर दायित्व नबुझाएमा दफा ११९ बमोजिम बार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्दछ ।

❖ **किस्तावन्दी कर दाखिला:** आयकर ऐन, २०५८ को दफा ९४ (१) मा ब्यवस्था भए अनुसार बार्षिक तिर्नुपर्ने कर दायित्व पाच हजार रुपैया भन्दा बढी हुने प्रत्येक ब्यक्ति निकायले किस्ताबन्दीमा तिर्नुपर्ने करको पौष मसान्तसम्म ४० प्रतिशत, चैत्र मसान्तसम्म ७० प्रतिशत र असार मसान्तसम्म सय प्रतिशत रकम कर दाखिला गर्नुपर्दछ । किस्ताबन्दी रुपमा कर बुझाउनु पर्ने दायित्व भएको ब्यक्ति, निकायहरुले अनुमानित आय बिबरण नबुझाएमा प्रति बिबरण रु.दुई हजार शुल्क तिर्नु पर्दछ र कर रकममा बार्षिक १५ प्रतिशत ब्याज पनि लाग्दछ ।

❖ **कारोवारमा आधारित कर तिर्ने :** करदाताहरुले पनि पौष र आषाढ महिनामा दुई किस्तामा कर दाखिला गर्नु पर्दछ ।

❖ **श्रोतमा कर कट्टी:** भुक्तानीका बखत श्रोतमा कट्टी गरेको अग्रिम कर र सोको विवरण कर कट्टी भएको महिना समाप्त भएको २५ दिन भित्र दाखिला गर्नुपर्दछ ।

❖ **विजक लिने दिने:** कारोबारको सिलसिलामा बस्तु वा सेवा खरिद वा पैठारी गर्दा अनिवार्य रुपमा कर विजक वा विजक लिन र वस्तु वा सेवा विक्री गर्दा कर विजक उपभोक्तालाई उपलब्ध गराउनु पर्छ । सो को अधिलेख खरिद तथा बिक्री खातामा जनाउनु पर्छ । कारोवारको वास्तविक मूल्य उल्लेख गरी वील जारी गर्नु पर्दछ ।

❖ **प्रमाणित गराउनु पर्ने:** ऐनले तोके बमोजिमको खरिद खाता, बिक्री खाता र मूल्य अभिबृद्धि कर लेखा अनिवार्य रुपमा कर अधिकृतबाट प्रमाणित गराई राख्नुपर्दछ ।

❖ **मू.अ.कर विवरण पेश गर्नु पर्ने:** मूअकरमा दर्ता भएका करदाताले आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरि प्रत्येक कर अवधि (मासिक वा चैामासिक ) समाप्त भएको २५ दिन भित्र कारोवार गरे वा नगरेको जेसुकै भए तापनि सम्बन्धित कार्यालयमा बिबरण पेश गर्नुपर्दछ ।

❖ **अन्त:शुल्क रकम र विवरण पेश गर्नु पर्ने :** अन्तशुल्कजन्य वस्तुको उत्पादन गर्नेले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्तशुल्क रकम बुझाउनुपर्छ ।

❖ **लेखा अभिलेख राख्नु पर्ने:** प्रमाणित खाताहरु ६ वर्ष सम्म सुरक्षित साथ राख्नु पर्छ ।

❖ **कारोवार सम्वन्धी कुनै सूचना परिवर्तन भएमा जानकारी दिनु पर्ने:** कुनै दर्ता भएको ब्यक्तिले आफ्नो कारोवारको स्थान परिर्वतन गर्नुपर्ने भएमा त्यस्तो परिर्वतन गर्नुभन्दा १५ दिन अगावै सो कुराको जानकारी सम्बन्धित कर अधिकृत लाई दिनु पर्दछ । कागजात, लेखा उपलब्ध गराउने: करपरीक्षण वा कर सम्बन्धी अन्य कुनै प्रयोजनको लागि कार्यालयले माग गरेको खाता वा अन्य कुनै सूचना माग गरेमा सूचनामा तोकिएको म्याद भित्र करदाताले त्यस्तो खाता, कागजात वा सूचना उपलब्ध गराउनुपर्छ ।

❖ **उपस्थित हुनु पर्ने:** कार्यालयले कुनै करदातालाई करपरीक्षण, अनुसन्धान वा कर सम्बन्धी अन्य कुनै प्रयोजनका लागि उपस्थित हुन सूचना दिएमा सूचनामा तोकिएको म्याद भित्र कार्यालय समक्ष उपस्थित हुनुपर्दछ ।

❖ **सहयोग गर्ने:** कर प्रशासनका कर्मचारीले कर सम्बन्धी कर्तव्य पालना गरेको समयमा कुनै पनि किसिमको बाधा बिरोध गर्नु हुदैन ।

❖ **सूचनाहरू दिने:** कर छलीका सूचनाहरु जिम्मेवार नागरिकको हैसियतबाट समयमा नै कर प्रशासनलाई उपलब्ध गराउनुपर्दछ ।

### अन्य

❖ मदिरा र सूर्तीजन्य वस्तुको कारोवारस्थलबाट अन्य वस्तुको कारोवार नगर्ने, १८ बर्ष नपुगेका वालवालिकालाई मदिरा तथा चुरोटको बेचविखन नगर्ने साथै मदिराको बेचविखन विहान १० बजेदेखि बेलुका १० बजेसम्म मात्र गर्नुपर्छ ।

❖ तोकिएका शिक्षण संस्थाहरुले १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवाहरूमा जारी बिजक मूल्यको पाँच प्रतिशतका दरले स्वास्थ्य सेवा कर असूलउपर गर्नुपर्दछ ।

❖ बहाल आय वा भाडा स्वरुप प्राप्त गर्ने आयमा वहाल आयको दश प्रतिशत कर तिर्नुपर्दछ ।

❖ राजस्व दाखिला गर्दा कार्यालयको कोड नं., खाता नं. र राजस्व शिर्षक नं. एकिन गरेर मात्र दाखिला गर्नुपर्छ ।

❖ आफ्नो व्यवसाय बन्द गरेमा सम्वन्धित राजस्व कार्यालयमा गई आफ्नो नामको स्थायी लेखा नम्वर स्थगन गराउनुपर्छ ।

### ५. निष्कर्ष

अधिकार तथा कर्तव्य एकै सिक्काका दुइ पाटा हुन । एकको अभावमा अर्कोको अस्तित्व कायम रहन सक्दैन । करदाताहरु जति करदाताको अधिकार प्रति जागरुक हुनु पर्दछ त्यति नै दायित्व र कर्तव्य प्रति सजग पनि । नेपालमा स्वयं कर निर्धारण पद्धतिमा आधारित कर प्रणाली अवलम्वन गरिएको दुई दशक पार भैसकेको छ । यस प्रणालीमा पहिलो कर प्रशासक करदाता स्वयं नै हुने भएकोले आफ्नो कारोवारको यथार्थ विवरण र कर दायित्व यकिन गरी कर प्रशासनमा पेश गर्नु पर्दछ । आपूले पेश गरेको विवरण तथा एकिन गरेको दायित्वको प्रमाणको भार स्वयं करदातामा हुने गर्दछ । तर निजले पेश गरेको विवरण अन्यथा प्रमाणित गर्न कर प्रशासनले वस्तुनिष्ठ आधार र कारणहरु पेश गर्नु पर्ने हुन्छ । करदाताले तोकिएका कर्तव्य र दायित्वहरु पूरा नगर्दा दण्ड, जरिवाना तथा

व्याज समेत लाग्ने भएकोले करदाताहरु आफ्नो कर्तव्य र दायित्व प्रति संवेदनशिल हुनु पर्दछ। करसँग डर होइन भर परी यथार्थपरक, पारदर्शी, नैतिकवान भएर कारोवार गरी समयमै कर र विवरण बुझाउनुपर्छ। कर तिर्नु सभ्य नागरिकको कर्तव्यका साथसाथै गौरव पनि हो भन्ने कुरामा सदैव ध्यान दिनुपर्दछ र आन्तरिक राजस्व मार्फत देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउदै देशलाई समृद्ध बनाउन अग्रसर हुनुपर्दछ।

सन्दर्भ सामाग्री


१. नेपालको संविधान, कानून किताव व्यवस्था समिति।
२. आयकर ऐन, २०५८ तथा नियमावली, २०५९, आन्तरिक राजस्व विभाग।
३. मूल्य अभिबृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, आन्तरिक राजस्व विभाग।
४. अन्तशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९, आन्तरिक राजस्व विभाग।
5. www.irs.gov
6. www.rd.go.th
7. www.cra-arc.gc.ca (Taxpayer Bill of Rights-Agence du revenu do Canada)
8. Taxpayers' Rights and Obligations – Practice Note , OECD Committee of Fiscal Affairs Forum on Tax Administration
९. करदाता शिक्षा कार्यकमको लागि तयार सामाग्री, प्रकाश शर्मा ढकाल।
१०. आन्तरिक राजस्व स्मारिका, २०७१, आन्तरिक राजस्व विभाग।


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

## मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिबृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिबृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औधोगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

## मू.अ.कर विवरण साथ खरिद बिक्रीको विवरण पेश गर्ने सम्बन्धी सूचना

मूल्य अभिबृद्धि करमा दर्ता भई बार्षिक रु. ५ करोड भन्दा बढी कारोवार गर्ने सम्पूर्ण करदाताहरुले २०७३ श्रावण महिना देखिको कर विवरण बुझाउदा अनिवार्य रुपमा रु. १ लाख भन्दा बढीको खरिद बिक्रीको विवरण समेत दाखिला गर्नु हुन मूल्य अभिबृद्धि कर ऐन, (संशोधन सहित) २०५२ को दफा १६ (क) को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट काठमाण्डौको

## पूंजीगत लाभकर असूल गर्ने सम्वन्धी सूचना

सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा प्रकाशित नेपाल राजपत्र भाग ५ खण्ड ६६ अतिरिक्तांक ३ मिति २०७३/०२/१५ को सूचित आदेश वमोजिम आयकर ऐन (संशोधन सहित), २०५८ को दफा ९५क. को उपदफा (६) मा "उपदफा (५) मा लेखिए देखि वाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवन निसर्ग वापत भएको लाभमा मालपोत कार्यालयले रजिष्ट्रेसनका वखत दश प्रतिशतका दरले अग्रिम कर असूल गर्नु पर्नेछ" भन्ने व्यवस्था गरेकोले देहाय बमोजिम अग्रिम कर असूल गर्नु पर्ने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

१. कुनै एकलौटी फर्म, साझेदारी फर्म, कम्पनी, गैरसरकारी संस्था, ट्रष्ट, निजी विद्यालय/विश्वविद्यालय लगायतका निकायहरुले आफ्नो स्वामित्वको जतिसुकै मूल्यको जग्गा वा भवन निसर्ग (विक्री वा अन्य कुनै प्रकारले स्वामित्व हस्तान्तरण) गर्दा भएको लाभमा रजिष्ट्रेशनका वखत १० (दश) प्रतिशतका दरले अग्रिम कर असूल गर्ने।

२. जग्गा वा भवन खरिद वा निर्माण गरी बिक्री गर्ने उद्देश्यले व्यबसाय दर्ता गरी जग्गा वा भवन खरिद गरी बिक्री गर्ने वा जग्गा खरिद गरी सो जग्गामा भवन निर्माण गरी बिक्री गर्ने व्यक्तिले बिक्री गर्ने जग्गा वा भवनको हकमा त्यस्तो जग्गा वा भवन सो व्यक्तिको व्यावसायिक सम्पत्ति नभई व्यापार मौज्दातको रुपमा रहने हुंदा त्यस्तो व्यापारिक मौज्दातको विक्रीमा अग्रिम कर असुल गर्नु नपर्ने।

३. वुंदा नं.२ वमोजिमका व्यवसाय गर्ने व्यक्तिले निसर्ग गरेको जग्गा वा भवन व्यापारीक मौज्दातमा रहेको सम्पत्ति हो भन्ने व्यहोरा सम्बन्धित व्यक्तिलाई नै घोषणा गर्न लगाउने।

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**

# महानिर्देशक शर्माद्वारा कर्मचारीहरूलाई निर्देशन



आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०७२/७३ असारसम्ममा गत वर्षको सोही तुलनामा १०५ प्रतिशतले बढी राजस्व संकलन गर्न सफल भएको छ। साउन २ गते आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको थियो। कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले बाधा र व्यवधानहरुका बीच पनि विभिन्न रणनीतिहरु अपनाउँदै जाँदा १०५ प्रतिशत कर संकलन भएको जानकारी दिनुभयो। कार्यक्रममा उहाँले कर प्रशासनमा काम गर्ने सवै कर्मचारीलाई धन्यवाद दिनुहुँदै कर्मचारीहरुलाई कार्यसम्पादनमा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्न निर्देशन दिनुभयो। उहाँले कार्य सम्पादनको आधारमा मूल्याकन फारम साथ उपलव्ध गराउन निर्देशन दिनुहुँदै सम्पत्ति विवरण यथा समयमा बुझाउन निर्देशन दिनुभयो। नियमित रुपमा कार्यालयमा पोशाकमा उपस्थित हुन निर्देशन दिनुहुँदै आफैले आफूलाई अनुगमन गर्न निर्देशन दिनुभयो। उहाँले एउटाले विराउने सवैलाई पिराउने काम हुन नहुने भन्नुहुँदै समय पालनामा नियमितता हुनुपर्ने र सेवाग्राहीले कर्मचारी पहिचानका लागि परिचयपत्र अनिवार्य रुपमा लगाउनुपर्ने बताउनुभयो। लक्ष्य हासिल गर्नका लागि लागत अनुमान समय समेत उल्लेख गरेर शाखागत रुपमा कार्य योजना बनाएर उपलव्ध गराइदिन निर्देशन दिनुभयो। उहाँले बेरुजुमा ६२.२० प्रतिशत फछ्यौंट भएको बताउनुहुँदै वार्षिक लक्ष्य हासिल गरेकोमा उपमहानिर्देश, निर्देशक र सम्पूर्ण कर्मचारीहरुप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

# नव प्रवेशी अधिकृतहरूबीच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न



आन्तरिक राजस्व विभाग अन्तर्गत पदस्थापना भै आएका २७ जना नवप्रवेशी अधिकृतहरुबीच हाजिरी जवाफ प्रतियोगिता साउन ६ मा संचालन गरियो। अधिकृतहरुलाई आन्तरिक राजस्व विभागले प्रशासन गर्ने करहरुको बारेमा व्यवहारिक जानकारी प्रदान गर्ने हेतुले विभिन्न ८ समूहमा विभाजन गरी उनीहरुलाई नै प्रश्नहरु तयार गर्न लगाइएको थियो र तिनै प्रश्नहरुलाई समावेश गरी अधिकृतहरुको बीचमा हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको थियो।

आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले जे अभिष्ट राखेर हाजिरी जवाफ प्रतियोगिता कार्यक्रमको आयोजना गरियो त्यो सफल भएको बताउनुभयो। उहाँले अर्थ व्यवस्थासँग सम्बन्धित प्रश्नहरुको उत्तर दिएर जो पहिलो, दोस्रो भएर विजेता बन्नु भएको छ त्यो संयोग र साधना रहेको बताउनुभयो। अवसरलाई ग्रहण गर्नु पर्छ भन्नुहुँदै ठिक समयमा ठीक समयलाई पहिचान गरे मात्र सफल हुने बताउनुभयो। कार्य स्थलमा गएर सेवा प्रवाह गर्न सफल हुनुस् भन्नुहुँदै विधि, नीति नियम, र विभागीय मार्ग निर्देशन, कार्यलयभित्र समकक्षी साथी र कार्यालय प्रमुखसँग उत्तरदायी भएर काम गर्न निर्देशन दिनुभयो। विगतको अभ्यास के छ, जनताको अपेक्षा के छ, सामाजिक, भौगोलिक, राजनीतिक परिस्थितिका हिसावले स्थानीय परिवेशलाई बुझेर काम गर्न पनि निर्देशन दिनुभयो।

सूचना प्रविधिको अधिकतम प्रयोग गर्न निर्देशन दिनुहुँदै संगठनाका संस्कारहरु के छ, हिजोको अभ्यास के थियो, त्यसलाई अध्ययन गर्न निर्देशन दिनुभयो। उहाँले विवेक कहिल्यै भुल्न नहुने बताउनुहुँदै के अन्याय हो, के पाप हो, के धर्म हो ख्याल गरेर कार्य सम्पादन गर्न जरुरी रहेको बताउनुभयो। पछाडि हट्ने व्यक्तिले कहि(ल्यै प्रगति गर्न सक्दैन भन्नुहुँदै संस्थाको मर्यादा बढाउने गरी कार्य गर्न निर्देशन दिनुभयो।

उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले हाजिरी जवाफ प्रतियोगिताको माध्यमबाट नव प्रवेशी अधिकृतहरुलाई चिन्ने मौका पाएको बताउनुहुँदै कार्य क्षेत्रमा जाँदा सफल हुने गरी उम्दा अधिकृत भएर कार्य सम्पादन गर्न निर्देशन दिनुभयो।

हाजिरी जवाफ प्रतियोगितामा प्रथम भएको टिमको नेतृत्व गर्नु भएका श्री यज्ञ ढुंगेलले हाजिरी जवाफबाट ज्ञानको दायरामा बढाउन मद्दत पुगेको र कार्य क्षेत्रमा गएर काम गर्न सहज हुने बताउनुहुँदै सबै साथीहरु सक्षम रहेको बताउनुभयो।

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
(नीति विश्लेषण शाखा)

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

प.सं.:२०७३।७४ लाजिम्पाट, काठमाडौ

च. नं. १३ मिति : २०७३।०४।०९

विषय: पूँजीगत लाभकर सम्वन्धमा ।

श्री भूमि सुधार तथा व्यवस्थापन विभाग
ववरमहल, काठमाण्डौं ।

उपर्युक्त सम्वन्धमा सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा प्रकाशित नेपाल राजपत्र भाग ५ खण्ड (६६) अतिरिक्तांक ३ मिति २०७३।०२।१५ को सूचित आदेश वमोजिम आयकर ऐन (संशोधन सहित), २०५८ को दफा ९५क. को उपदफा (६) मा "उपदफा (५) मा लेखिए देखि वाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवन निसर्ग वापत भएको लाभमा मालपोत कार्यालयले रजिष्ट्रेशनका वखत दश प्रतिशतका दरले अग्रिम कर असूल गर्नु पर्नेछ" भन्ने व्यवस्था गरेको र सो व्यवस्था २०७३ साल श्रावण १ गते देखि लागू भइसकेको छ । ऐनको सो व्यवस्था अनुसार देहाय वमोजिम अग्रिम कर असूल गर्ने गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध गर्दछु :

देहाय

१. कुनै एकलौटी फर्म, साझेदारी फर्म, कम्पनी, गैरसरकारी संस्था, ट्रष्ट, निजी विद्यालय/विश्वविद्यालय लगायतका निकायहरूले आफ्नो स्वामित्वको जतिसुकै मूल्यको जग्गा वा भवन निसर्ग (बिक्री वा अन्य कुनै प्रकारले स्वामित्व हस्तान्तरण) गर्दा भएको लाभमा रजिष्ट्रेशनका वखत १० (दश) प्रतिशतका दरले अग्रिम कर असूल गर्ने ।
२. जग्गा वा भवन खरिद वा निर्माण गरी बिक्री गर्ने उद्देश्यले व्यवसाय दर्ता गरी जग्गा वा भवन खरिद गरी बिक्री गर्ने वा जग्गा खरिद गरी सो जग्गामा भवन निर्माण गरी बिक्री गर्ने व्यक्तिले बिक्री गर्ने जग्गा वा भवनको हकमा त्यस्तो जग्गा वा भवन सो व्यक्तिको व्यावसायिक सम्पत्ति नभई व्यापार मौज्दातको रूपमा रहने हुंदा त्यस्तो व्यापारिक मौज्दातको बिक्रीमा अग्रिम कर असुल गर्नु नपर्ने ।
३. वुंदा नं. २ वमोजिमका व्यवसाय गर्ने व्यक्तिले निसर्ग गरेको जग्गा वा भवन ब्यापारीक मौज्दातमा रहेको सम्पत्ति हो भन्ने ब्यहोरा सम्बन्धित ब्यक्तिलाई नै घोषणा गर्न लगाउने ।

(नरनाथ गिरी )
निर्देशक

वोधार्थ तथा कार्यार्थ:
श्री ठूला करदाता कार्यालय ।
श्री आन्तरिक राजस्व कार्यालय सवै ।
श्री करदाता सेवा कार्यालय सवै ।

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
चुडामणि शर्मा

संयोजन
दीपक अधिकारी

सल्लाहकार
राममणि दुवाडी
विष्णुप्रसाद नेपाल

सम्पादन समूह
सम्झना बराल
शिवलाल तिवारी
आनन्द काफ्ले
अर्जुनप्रसाद भट्टराई
प्रकाश शर्मा ढकाल


कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।